सहयोगी कर्मचारीहरू  श्री नुमलाल खनाल सहायक पाचौं शितगंगा न.पा.

सहयोगी कर्मचारीहरू  श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

**मिति २०७७/११/२२ गतेको नगरकार्यापालिका बैठकका एजेण्डाहरु**

१. नदी जन्य पदार्थको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

२. कोठिया मैदान जोख्लेगैरा क्षेत्रको विपदको खर्च अनुमोदन सम्बन्धमा ।

३. बाखा प्रर्वद्धन कार्यविधि स्वीकृत सम्बन्धि कार्यविधि २०७७ सम्बन्धमा ।

४. सुरक्षित नागरिक आवास निर्माण कार्यान्वयन सम्बन्धमा ।

५. मनसुन जन्य विपद प्रभावित निजी आवास पुनः निर्माण सम्बन्धमा ।

६. ज्यालादारी कर्मचारी राख्ने सम्बन्धमा ।

७. निजी क्षेत्रको माटो ढुङ्गा विकी गर्ने सम्बन्धमा ।

८. ढुङ्गा, गिट्टी, बालुवा, माटोको प्राकृतिक श्रोतको विकी शुल्क

९. एकमुष्ठ रकम जम्मा गरेमा छुट दिने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.मा यस नगरपालिकाको क्षेत्र भित्र पर्ने नदी खोलाहरुबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट उत्खनन् संकलन विकी गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण भई जिल्ला अनुगमनबाट अनुगमन गराई राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समितिमा सहंमती माग गरिएको सन्दर्भमा सहमती प्राप्त भएपश्चात सो समेतका आधारमा राजश्व संकलन गर्न आवश्यक प्रकृया अगाढी बढाउने । केही ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुको लागि नदीजन्य पदार्थ माग भई आएकोले नदी जन्य पदार्थ २०७७ को दफा १२ बमोजिम औचित्यता हेरी नियमानुसार राजश्व लिई उपलब्ध गराउने प्रयोजनका लागि निम्न खोलाहरु बाहेकको सूचना प्रकाशन नगर्ने निर्णय गरियो ।

तपशिल

**राष्ट्रिय गौरवका आयोजनाहरुको लागि नदीजन्य पदार्थ उपलब्ध गराउने खोलाहरु**

१. खोरमोर खोला २. कोन्द्रेखोलाबाट ३. बाणगंगा खोला

ठेक्का सुचना प्रकाशन तर्फ

१. खयरभट्टी खोला रातापहरा देखि दुमई क्षेत्र सम्मको नदीजन्य पदार्थ ।

२. रङ्गसिङ्ग खोला :- तिनखण्डेको खानेपानी आयोजनाको ५०० मी उत्तर तर्फ र तिनखण्डेको पुच्छार माथिको क्षेत्रको १ प्याकेजमा गर्ने ।

३. रङ्गसिङ्ग खोला :- रागाकाटे देखि केराबारी सम्मको १ प्याकेजमा गर्ने ।

४. रङ्गसिङ्ग खोला :- बेलदमार पुच्छार देखि खारघाट गाउँको पुच्छार सम्मको १ प्याकेजमा गर्ने ।

५. राप्ती नदी :- राप्ती बगर गढवा गा.पा. सिमाना क्षेत्रको १ प्याकेजमा गर्ने ।

६. राप्ती नदी :- वडा कार्यालय पश्चिमको क्षेत्रको १ प्याकेजमा गर्ने ।

७. राप्ती नदी :- राप्ती बगरको पल्टेडाँडा उत्तर तर्फको क्षेत्रको १ प्याकेजमा गर्ने ।

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा २०७७ साल असोज महिनामा परेको अविरल वर्षाको कारण यस नगरपालिकाको कोठिया मैदान जोख्लेगैरा क्षेत्रमा गएको पहिरोका कारण उक्त क्षेत्रका नगरवासीलाई व्यवस्थापन गर्ने कममा भएको खर्च रु ९१४५०।- लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयबाट तयार भई पेश हुन आएको बाखा प्रर्वद्धन कार्यकम सम्बन्धि कार्यविधि २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सुरक्षित नागरिक आवास निर्माण कार्यकम कार्यान्वयन गर्ने सन्दर्भमा आवश्यक जानकारी प्राप्त भयो । सो सम्बन्धमा नगर तथा वडा कार्यालयहरुबाट कार्य सम्पादनमा तदारुक्ताका साथ कार्य गरी यथा समयमा कार्य सम्पन्न गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मनसुन जन्य विपद प्रभावित निजी आवास पुनः निर्माण गर्ने सम्बन्धमा प्राप्त निर्देशन बमोजिमका कामहरु वडाले तदारुक्ताका साथ गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका भित्र सुरक्षित नागरिक आवास निर्माण कार्यकम कार्यान्वयन गर्नको लागि न.पा.को आन्तरिक श्रोतबाट खर्च गर्ने गरी दैनिक ज्यालादारीमा चालु आर्थिक वर्षको लागि २ जना प्राविधिक सहायक चौथो तहका राख्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ८ नं. वडा कार्यालयको पत्रबाट दाङ्ग जिल्ला राप्ती गा.पा. वडा नं. १ निवासी ओम बहादुर खड्काको नाममा रहेको शितगंगा न.पा. वडा नं. ८ पल्टेडाडामा रहेको कि.नं. १८९ निजी क्षेत्र समतल बनाउने र त्यस बाट निस्कने माटो बाहिर ढुवानी गर्नको लागि स्वीकृती दिन भनि आएको र ९ नं. वडा कार्यालयको पत्रबाट शिनपा ९ निवासी टेक बहादुर खत्रीको नाममा नयाँवस्ती रङ्गसिङ्ग खोलामा रहेको निजी जग्गा कि नं. १०० बाट ढुङ्गा संकलन गरी विकी गर्न र सोही स्थान वस्ने अनराम खत्रीको सोही स्थानको निजी जग्गा कित्ता नं. ९९ बाट ढुङ्गा गिट्टी मिस्कट बालुवा विकी वितरण गर्न आवश्यक प्रकृया मिलाई दिन भनि लेखिआएको सन्दर्भमा प्राविधिक सहितको टोलीले हेरी सोही बमोजिम प्राविधिकबाट नापजाच गरी नियमानुसार राजश्व रकम लिई विकी गर्ने आदेश दिने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं.८ माथि छलफल गर्दा साविक ५ नं. प्रदेश हालको लुम्बिनी प्रदेशको प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयकको अनुसूची ६ मा ढुङ्गा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक श्रोतको विकी शुल्क तोकिएकोमा सोही बमोजिम यस नगरपालिकाको तराईका जिल्ला सँग जोडिएका वडाहरुका भू-भागमा ढुङ्गा, गिट्टी, बालुवाको प्रति क्यूव फिट रु ८ र अन्य वडाहरुका भू-भागमा रु ५ का दरले संकलन गर्ने । त्यसै गरी तराईका जिल्ला सँग जोडिएका वडाहरुका भू-भागमा माटोको प्रति क्यूव फिट रु २ र अन्य वडाहरुका भू-भागमा रु १ का दरले संकलन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकामो क्षेत्र भित्रका नदी खोलाहरुबाट ढुङ्गा, गिट्टी बालुवा, मिस्कट उत्खनन, संकलन तथा विक्रीको ठेक्का पश्चात कवोल रकम एकमुष्ठ बुझाउन चाहेमा ५ प्रतिशत छुट दिने गरी सूचना प्रकाशन गरी सोही बमोजिम सम्झौता गराउने निर्णय गरियो ।

सहयोगी कर्मचारीहरू श्री नुमलाल खनाल सहायक पाँचौं शितगंगा न.पा.

सहयोगी कर्मचारीहरू श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

मिति २०७७/१२/२३ गतेको नगरकार्यापालिका बैठकका एजेण्डाहरु

१. नदी जन्य पदार्थको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.मा यस नगरपालिकाको क्षेत्र भित्र पर्ने नदी खोलाहरुबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट उत्खनन् संकलन विकी गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण भई जिल्ला अनुगमनबाट अनुगमन गराई राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समितिमा सहमती माग गरिएको सन्दर्भमा सहमती प्राप्त भएपश्चात सो समेतका आधारमा राजश्व संकलन गर्न आवश्यक प्रकृया अगाढी बढाउने भनि निर्णय भएबमोजिम केही नदी तथा खोलाहरुको ठेक्का व्यवस्थापनको लागि सूचना प्रकासन भई सकेकोमा बाँकी रहेको खोलाहरु मध्ये निम्न खोलाको सूचना प्रकाशन गर्ने । केही ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुको लागि नदीजन्य पदार्थ माग भई आएकोले नदी जन्यपदार्थ २०७७ को दफा १२ बमोजिम औचित्यता हेरी गत बैठकमा निर्णय गरिएको राजश्व प्रतिक्यू फिट रु ८ मा रु २ थप गरी राजश्व (मुअकर र अग्रीम आयकर वाहेक) रकम लिई नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

राष्ट्रिय गौरवका आयोजनाहरु तर्फ

१. कोन्द्रे खोलाबाट :- गोटे खोलाको १६० मि उत्तर देखि लामिरह कमेरेघाट सम्मको क्षेत्रको १३८६० घ.मी.बाट १०००० घ.मी गौतमबुद्ध विमानस्थल सुदृढिकरण आयोजनाको लागि निर्माण कम्पनी श्री कालिका रायमाझी जेभी कुपण्डोल ललितपुरलाई दिने ।

२. कोन्द्रे खोलाबाट :- गोटे खोलाको १६० मि उत्तर देखि लामिरह कमेरेघाट सम्मको क्षेत्रको १३८६० घ.मी. बाट १०००० घ.मी घटाई बाँकी ३८६० घ.मी, बेलौतीपाटा देखी गोटे खोलाको क्षेत्रबाट ३९६० घ.मी. र डोहोटे मसानघाट क्षेत्रबाट ७४२ घ.मी. गरी जम्मा ८५६२ घ.मी. गौतमबुद्ध विमानस्थल सुदृढिकरण आयोजनाको लागि निर्माण कम्पनी श्री कालिका रायमाझी जेभी/श्री उमा एण्ड कम्पनी शुभ जेभीको आधिकारी प्रतिनिधि स्वासम कन्स्ट्रक्सन प्रा.लि.काठमाण्डौं लाई दिने ।

ठेक्का सुचना प्रकाशन तर्फ

१. वाणगंगा खोला :- जरिकुना क्षेत्रको नदीजन्य पदार्थ १ प्याकेजमा ठेक्का व्यवस्थापन गर्ने ।

२. वाणगंगा खोला :- पावरा विकम जाने बाटो देखि दक्षिण तर्फको क्षेत्रको नदीजन्य पदार्थ १ प्याकेजमा ठेक्का व्यवस्थापन गर्ने ।

३. वाणगंगा खोला :- पावरा जाने बाटो देखि उत्तरपट्टीको क्षेत्रको नदीजन्य पदार्थ १ प्याकेजमा ठेक्का व्यवस्थापन गर्ने ।

सहयोगी कर्मचारीहरु श्री नुमलाल खनाल सहायक प्राचौ शितगंगा न.पा.

सहयोगी कर्मचारीहरु श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

मिति २०७७/१२/२४ गतेको नगरकार्यापालिका बैठकका एजेण्डाहरु

१. रकम भुक्तानी सम्बन्धमा ।

२. विभिन्न कार्यको लागि रकम विनियोजन सम्बन्धमा ।

३. नगर क्षिक्षा समितिले गरेको निर्णयहरु अनुमोदन सम्बन्धमा ।

४. भुमीहिंन सुकुम्बासी र अव्यवस्थित बसोवासी सम्बन्धि कार्यविधिमा भएको समिति गठन सम्बन्धमा ।

५. उच्च जोखिममा रहेको वस्ती व्यवस्थापन सम्बन्धमा ।

६. विभिन्न योजना तथा कार्यक्रमको रकम रकमान्तर सम्बन्धमा ।

७. खोरमोर खोलाको नदीजन्य पदार्थ ठेक्का व्यवस्थापन सम्बन्धमा ।

८. नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्रीमा मेशिन प्रयोग माग सम्बन्धमा ।

९. डमरुदह लिफ्टीङ्ग पानी मर्मत तथा डमरुदह हेरालु व्यवस्थापन गर्ने सम्बन्धमा ।

१०. बाल क्लव/सन्जाल गठन तथा सहजीकरण कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७७/०९/२१ को कार्यपालिका बैठकबाट यस नगरपालिकाको वडा नं. १४ मा पर्ने गौडा विक्रम करेचुली मोटर बाटोको बौलाहा मरेको स्थानमा ग्रेड सुधार नहुदाँ गाडी सञ्चालनमा समस्या आएकोले उक्त ग्रेड सुधारको लागि के कति रकम लाग्छ स्थलगत रुपमा प्राविधिक खटाई पेश भएको लागत अनुमानका आधारमा गौडा विक्रम करेचुली मोटर बाटोको सम्झौता गराई ग्रेड सुधारको कार्य गर्ने भनि निर्णय भई विभिन्न कार्यक्रम समपुरक कोष शिर्षकबाट भुक्तानी दिने गरी रु ५२००००। को सम्झौता भई कार्य भएकोमा उक्त शिर्षकबाट खर्च गर्ने गरी सम्झौता भएको रु ५२००००। कार्य सम्पन्न प्रतिवेदन लगायत आवश्यक काजगातहरुको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.को नगरपालिका तर्फ विभिन्न कार्यक्रम समपुरक कोष शिर्षकमा रहेको रकमबाट तपशिल बमोजिमको कार्यको लागि तपशिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

१. अमिता पार्क र पतन्जली क्षेत्रको डिपिआर तयार गर्न रु ५०००००/-

२. जनजागृती मा.वि. सिनपा १० रु ५०००००/-

३. ज्याति मा.वि. ठाडा रु ५०००००/-

४. अस्थायी प्रहरी चौकी सातमाराको लागि भवन निर्माण गर्न रु ५०००००/-

५. सिद्धारा प्रहरी चौकी भवन मर्मत रु १०००००/-

६. सिमलपानी प्रहरी चौकी भवन मर्मत रु १०००००/-

७. गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माण सहयोगको रु ५०००००/-

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०७७/१२/१९ गते वसेको नगर शिक्षा समितिले सिफारिस गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं.४ माथि छलफल गर्दा भुमीहिन दलित सुकुम्बासी र अव्यवस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धि कार्यविधिको दफा ३ (१) र (२) बमोजिमका सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

कार्यविधिको दफा ३ को (१) बमोजिमको सहजिकरण समिति

(क) स्थानीय तहको प्रमुख - संयोजक

(ख) स्थानीय तहको प्रमुख -उपसंयोजक

(ग) सम्बन्धित स्थानीय तहमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रमुख/प्रतिनिधि -सदस्य

(घ) कार्यपालिकाका सदस्यहरु मध्ये दलित महिला सदस्य - सदस्य

(ङ) कार्यपालिकाका महिला सदस्य - सदस्य

(छ) संयोजकले मनोनयन गरेको दुई जना - सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

सोही दफाको ३ को (२) बमोजिम वडा स्तरीय सहजिकरण समिति

(क) वडा अध्यक्ष - अध्यक्ष

(ख) वडका सदस्यहरु - सदस्य

(घ) वडा अध्यक्षले सिफारिस गरेका नगर प्रमुखले मनोनयन गरेका एक जना महिला सहित २ जना - सदस्य

(ङ) वडा सचिव - सदस्य सचिव

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा उच्च जोखिममा रहेका वस्तीहरुका घर धनिले आफ्नै पहलमा अन्यत्र घर बनाउन चाहेमा त्यस्ता घर परिवारलाई यस नगरपालिकाले विपद कोष बाट प्रति घर परिवार रु १ लाख दिने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा विभिन्न मितिमा विभिन्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन भएकोमा उक्त योजना तथा कार्यक्रमहरु मध्ये निम्न बमोजिमका योजनाहरु संसोधन गर्नु पर्ने भएकोले संसोधन गरी निम्न अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सातौ नगरसभा तथा का.पा. बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| अमराई खेल मैदान शिनपा ४ | ३००००० | वाल उद्ययन संरक्षण शिनपा ४ अमराई | ३००००० | गत मौज्दात |
| सिमलपानी महिलामैत्री प्रतिक्षालय निर्माण शिनपा १३ | ५०००० | कल्याण आ.वि.बाल विकास कक्षा कोठा व्यवस्थापन तथा फर्निचर खरिद १३ | ५०००० | गत मौज्दात |

निर्णय नं. ७

प्रस्ताव नं. ६ माथि छलफल गर्दा खोरमोरखोला भहराई क्षेत्रको ३४५० घ.मी.नदिजन्य पदार्थ उत्खनन, संकलन र विकी कार्यको लागि राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिबाट सहमती प्राप्त भएकोमा उक्त खोलाको नदिजन्य पदार्थ विभिन्न प्राथमिकता प्राप्त आयोजनाका फरक फरक व्यवसायीबाट माग भई आउदा थोरै परिमाण भएका कारण सहमतिका साथ उपलब्ध गराउन कठिन भएकोले ठेक्का प्रकृया बाट उत्खनन, संकलन र विकी गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा नदिजन्य पदार्थ उत्खनन, संकलन र विकी कार्य गर्न चालु आ.व.मा आईइइ स्वीकृत भई कार्य प्रकृया अगाडी वढी रहेको अवस्थामा आईइइमा स्वीकृत भएबमोजिम आवश्यकता अनुसार नदी/खोलामा मेशिन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन, संकलन र विकीका लागि सम्बन्धित पक्षबाट माग भई आएमा सम्बन्धित निकायमा मेशिन प्रयोग अनुमतीको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ३ ठाडामा रहेको ऐतिहासिक डमरुदहलाई पानी भरी सुन्दर बनाउन गत विगत आ.व.हरुमा शिनपा ३ को जावुनेमा रहेको हरिलाल खनालको खेतमा टंकी लगायतका आवश्यक संरचना बनाई पानी मोटरबाट डमरु दहमा तान्ने कार्यको लागि कार्य भएकोमा हाल सम्म संचालन नभएको अवस्थामा पाईप लाईन तथा इलेटिक्स कार्य मर्मत गर्नु पर्ने भएकोले सो कार्य गरी हुने खर्च नगरपालिकाबाट भुक्तानी गर्ने र नियमित रुपमा पानी चलाउने वन्द गर्ने लगायतको रेखदेख गर्ने कार्य गर्न जग्गा धनि हरिलाल खनालका छोरा तारा प्रसाद खनाललाई जिम्मा दिने र सो कार्य गरे बापत वार्षिक रु १ लाख निजलाई दिने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयबाट तयार भई पेश भएको बाल क्लव/सञ्जाल गठन तथा सहजीकरण कार्यविधि, २०७७ स्वीकृत स्वीकृत गर्ने निणर्य गरियो ।

सहयोगी कर्मचारीहरू श्री नुमलाल खनाल सहायक पाचौं शितगंगा न.पा.

सहयोगी कर्मचारीहरू श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

मिति २०७८/१/२ गतेको नगरकार्यापालिका बैठकका एजेण्डाहरु

१. आर्थिस सहायता शिर्षकमा रकम विनियोजन सम्बन्धमा ।

२. ठाडा प्राथमिक स्वास्थ्य केन्द्र लाई १५ सैयाको अस्पताल बनाउने सम्बन्धमा ।

३. नदिजन्य पदार्थ उत्खनन, संकलन र विकीमा मेशिन प्रयोग अनुमती सम्बन्धमा ।

४. नदिजन्य पदार्थ उत्खनन, संकलन विकीको लागि प्रकाशित सूचना बमोजिमको न्यूनतम रकम अनुमोदन सम्बन्धमा ।

५. शिवादह खा.पा मोटर खरिद सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.को लागि औषधी उपचार सहायता शिर्षकमा विनियोजन भएको रकम वितरण भई सकिएकोले जटिल प्रकृतिका रोगहरु लागि औषधी उपचार सहायता माग गर्न आउनेका निवेदनहरु आइरहेकोले औषधी उपचार सहायता शिर्षकमा रु ५०००००।- कन्टिन्जेशी शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ३ ठाडामा रहेको एक मात्र प्रथमिक स्वास्थ्य चौकीमा हालै स्तरीय पक्की भवनहरु निर्माण भई रहेको अवस्थामा सोही भवनमा तल्ला थप तथा भवनका संरचनाहरु निर्माण र आसपासका क्षेत्रमा भवन निर्माण गरी १५ सैयाको अस्पताल संचालनको लागि अनुमती उपलब्ध गराई दिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न नदि खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन, संकलन र विकीमा मेशिन प्रयोग अनुमती सम्बन्धमा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (आईइइमा) मा उल्लेख भएको भए आवश्यकता हेरी नगर प्रमुखले मेशिन संचालनको अनुमती दिने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न नदि खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन, संकलन र विक्री गर्ने कार्यको लागि स्वीकृत आईइइ मा उल्लेखित परिमाण विक्रीको लागि राष्ट्रपति चुरे तराई मधेस संरक्षण समितिमा माग गरिएकोमा प्राप्त परिमाणलाई तोकिएको दररेटले हिसाव गरि बढाबढको लागि न्यूनतम अङ्क तोकी सूचना प्रकाशन गरिएकोमा सो न्यूनतम अङ्कलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ६ शिवादहमा संचालित लिफ्ट खानेपानी र रजिया लिफ्ट खानेपानी योजनाको मोटर बिग्री खानेपानीको समस्या भएकोले उक्त खानेपानीको मोटर खरिदको लागि कन्टिन्जेन्शी रकमबाट खरिद गर्ने निर्णय गरियो ।